# लिखुपिके राजपत्र

लिखुपिके गाउँपालिकाद्वारा प्रकाशित

भाग -१


## सूचना

## लिखुपिके गाउँपालिकाको स्थानीय स्वास्थ्य व्यवस्थापन ऐन, २०७७

प्रमाणिकरण मितिः२०७७/१२/११

**प्रस्तावना :** नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा स्थानीय जनताहरूको आधारभूत स्वास्थ्य र सरसफाइ सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको मुख्य जिम्मेवारी बहन गरी सोको कार्यान्वयन गर्नको लागि स्पष्ट कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको अनुसूची- ८ को सूची नं. ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (झ) का अधिकारहरूलाई कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम लिखुपिके गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस ऐनलाई “स्थानीय स्वास्थ्य व्यवस्थापन ऐन, २०७७” भनिनेछ।

(ख) यो ऐन लिखुपिके गाँउपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “अध्यक्ष ” भन्नाले गाँउपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ख) “उपाध्यक्ष ” भन्नाले गाँउपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले लिखुपिके गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(घ) “कार्यपालिका” भन्नाले लिखुपिके गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ।

(ङ)“गाउँपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएको लिखुपिके गाउँपालिकालाई सम्झनुपर्दछ।

(च) “गाँउसभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिम स्थापना भएको लिखुपिके गाउँपालिकाको गाँउसभालाई सम्झनुपर्दछ।

(छ) “ऐन” भन्नाले लिखुपिके गाउँपालिकाको स्थानीय स्वास्थ्य व्यवस्थापन ऐन, २०७७ लाई सम्झनुपर्दछ ।

(ज) “संघीय ऐन” भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नुपर्दछ ।

(झ ) “सरकारी वा सामुदायिक” भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्दछ ।

(ञ) “निजी” भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनुपर्दछ ।

(ट) “ट्रष्ट वा लोक कल्याणकारी” भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरूको मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनुपर्दछ ।

(ठ) “व्यवस्थापन समिति” भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरूको व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

(ड) “अनुगमन समिति” भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनुपर्दछ ।

(ढ) “स्वास्थ्य संस्था” भन्नाले सरकारी तथा सामुदायिक स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी समेतलाई सम्झनुपर्दछ ।

(ण) “ तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अर्न्तग बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(त) “स्थानीय कानुन” भन्नाले लिखुपिके गाँउपालिकाको गाँउसभाले बनाएको कानुनलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरू** : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरू ३ प्रकारका हुनेछन् ।

**(क) सरकारी वा सामुदायिक** : सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयुर्वेद केन्द्रहरू सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ख) निजी** : निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरू, निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरूको अधिनस्थ** : ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरूको मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको परिभाषा र आधारभूत मापदण्ड :** स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. व्यवस्थापन तथा अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार :**

(१) गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरूको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन गरिने छ। यस समितिको गठन यस प्रकार हुनेछ।

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा कार्य गरिरहेका विज्ञहरू मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ग) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(घ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना -सदस्य

(ङ) स्वास्थ्य तथा सरसफाइ शाखा प्रमुख -सदस्य सचिव

**(२) स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।**

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने।

(ख) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरूक र सजग बनाउने।

(घ) स्वास्थ्य संस्थाहरूको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने।

(ङ) स्वास्थ्य संस्थाहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने।

(च) स्वास्थ्य विशेषज्ञहरू र स्वास्थ्य सेवा प्रदायकहरूको सूची अद्यावधिक तथा प्रकाशन गर्ने।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने।

(ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने।

(झ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

**६.स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार :** सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी (स्वास्थ्य संस्था व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिने छ।

**६.१. प्राथमिक स्वास्थ्य केन्द व्यवस्थापन समितिको गठन :** गाउँपालिका अध्यक्षको संरक्षकत्वमा प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन तपसिल बमोजिम गठन हुने छ।

(क) गाउँपालिकाको उपाध्यक्ष -अध्यक्ष

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(ग) कार्यपालिका सदस्यहरू मध्येबाट महिला एक जना - सदस्य

(घ) नजिकको मा.वि.को प्र.अ. -सदस्य

(ङ) सम्बन्धित वडाको महिला स्वास्थ्य स्वयम् सेविका मध्येबाट समितीले मनोनित गरेको एक जना - सदस्य

(च) स्वास्थ्य क्षेत्रमा रुचि राख्ने तथा सामाजिक व्यक्तित्वहरूबाट समितीले मनोनित गरेको दुई जना - सदस्य

(छ) समितिले मनोनित गरेको एक जना -सदस्य

(ज) स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

**६.२**. आयुर्वेद, सामुदायिक स्वास्थ्य, स्वास्थ्य चौकी व्यवस्थापन समितिको गठन तपसिल बमोजिमको आयुर्वेद, सामुदायिक स्वास्थ्य एकाइ/क्लिनिक, स्वास्थ्य चौकी व्यवस्थापन समितिको गठन हुनेछ।

(क) सम्बन्धीत वडाको वडाध्यक्ष वा वडाध्यक्षले तोकेको व्यक्ति -अध्यक्ष

(ख) स्वास्थ्य क्षेत्रमा क्रियाशील मध्ये वडा समितिबाट मनोनित महिला एक जना -सदस्य

(ग) स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्र.अ. -सदस्य

(घ)महिला स्वंय सेविका -सदस्य

(ङ) स्थानीय उधोग वाणिज्य संघको प्रतिनिधी -सदस्य

(च) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख -सदस्य सचिव

**६ .३ स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तव्य निम्नअनुसार हुनेछन् ।**

(क) आफनो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने र स्वास्थ्य संस्थामा परेको समस्याहरूको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनका लागि सहजीकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ती शिविरहरू राख्न सम्बन्धित निकायहरूमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरूलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

**७. बैंक खाता सञ्चालन/हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्ने छ ।**

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्ताखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखापरीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

**८(१) अस्पताल :**गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्ने छ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्ने छ ।

(२) **स्वास्थ्य चौकी** :गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तीमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी सञ्चालन गर्नुपर्ने छ ।

(क) **जनशक्ति** : स्वास्थ्य सहायक (हेल्थ असिस्टेन्ट १ जना), अ.हे.व. २ जना, अ.न.मि. २ जना आवश्यकता अनुसार सहायक कर्मचारीहरू

**(ख) स्वास्थ्य संस्था प्रमुखको जिम्मेवारी** : स्वास्थ्य संस्था प्रमुखको जिम्मेवारी कार्य अनुभव तथा तहगत प्रणाली बमोजिम हुनेछ ।

**(ग) भवन कोठा** : प्रशासन कक्ष, औषधि भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधासहितको भवन ।

**(घ) उपकरण** : प्राथमिक उपचारका आधारभूत उपकरण ।

(३) गाउँपालिका क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाम मूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरूसँगको साझेदारीमा वा गाउँपालिका आफैले कम्तीमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

**९. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने ।**

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैयासम्मको सञ्चालन अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्ने छ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले समय भित्र तोकिएको मापदण्ड पूरा गरेमा यस्तो अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समय सीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा निवेदन दिनुपर्ने छ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

**१०.**अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड गाउँपालिकाको स्वीकृतिमा सञ्चालन हुने १५ वेड सम्मको अस्पतालहरूले देहाय अनुसारको मापदण्ड पूरा गर्नुपर्ने छ ।

**(१) जनशक्ति** : कम्तीमा ३ जना एम.बी.बी.एस. डाक्टर, कम्तीमा ४ जना स्टाफ नर्स, कम्तीमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मीहरु,

**(२) भवन तथा कोठा** : दर्ता, चलानी, बहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका बिरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ,

**(३) उपकरण र पूर्वाधार** : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, बिरामी राख्ने बेड र लाइफ सपोर्ट सिस्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहोर व्यवस्थापनको प्रणाली भएको हुनुपर्नेछ ।

**११. पोलिक्लिनिक सञ्चालनको अनुमति :**

(१) गाउँपालिकाले आफ्नो कार्य क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृति लिनुपर्ने छ ।

(२) पोलिक्लिनिकमा बिरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनुपर्ने छ ।

**१२.प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन** : व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरणसहित गाउँपालिकाबाट स्वीकृति लिनुपर्ने छ ।

(१) सञ्चालकको विवरण र नागरिकताको प्रमाण-पत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्ने स्थान प्रमाणित भएको कागजात

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाण-पत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरूको विवरण

**१३. फार्मेसी सञ्चालनको अनुमति :**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमति लिनुपर्ने छ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, बिक्री वितरण गर्ने औषधिका प्रकारहरू र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनुपर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरूको विवरणहरू शैक्षिक प्रमाण-पत्र, नागरिकता र हालको बसोबास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम कार्यपालिकाले फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ ।

**१४. मापदण्ड पूरा नगरेमा सजाय हुने :**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पूरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रूपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखी सोको आम जनतालाई जानकारी दिइने ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरूले औषधि बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

**१५.सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने :**निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरूले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरूका लागि छुट वा मिनाहा दिनुपर्ने छ ।

## परिच्छेद-४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

**१६. स्वास्थ्यकर्मीको व्यवस्थापन :**गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरू मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ३ प्रकारका स्वास्थ्यकर्मीहरू रहने छन् :

**(१) स्थायी** : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरू

**(२) करार** : स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरू

**(३) अभ्यासकर्ता :** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरू एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरूलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रूपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

**१७. स्वास्थ्य अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था :**स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरू नियुक्त गर्न सक्नेछ ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरू नियुक्तिका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्यूनतम १० कक्षा अध्ययन गरेको सम्बन्धित वडाको नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र ५०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्न सक्ने छ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरूले आधारभूत स्वास्थ्य सम्बन्धी ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्ने छ। गाउँपालिका र स्वास्थ्य संस्थाहरूले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ।

(४) यस भन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेविकाहरू मध्ये निरक्षर र ५८ वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी विदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तीमा १० कक्षा उत्तीर्णलाई मात्र नियुक्ति दिइने छ।

**१८.स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब र स्थानीय गाउँ कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा।

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रूपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव तथा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

**१९.स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति :** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरूमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी गाउँ कार्यपालिकाले निर्धारण गर्ने छ।

(१) दरबन्दी अनुसारका पदहरूमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरू रहने छन् । समायोजनमा नआएका कर्मचारीहरूको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्नसक्ने छ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरबन्दी पदमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ :

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँ कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उत्तीर्ण १ जना विज्ञ -सदस्य

(घ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(३) छनोट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**२०.कर्मचारी सरूवा :**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष कार्य गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरूवा हुनुपर्ने छ। विशेष परिस्थिति बाहेक न्यूनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरूवा हुन चाहेको खण्डमा सरूवा हुनेछ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरूवा हुन चाहेमा गाउँपालिकामा सरूवाका लागि निवेदन दिन सक्नेछ । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरूवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी सँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ ।

**२१.कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाइ शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरूसँग र प्रमुखले अन्य कर्मचारीहरूसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरू निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नुपर्ने छ ।

**२२.कार्यसम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरूको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नुपर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-५

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२३. वार्षिक योजना बनाउनुपर्ने** :

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रूपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनुपर्ने छ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाइ शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

**२४.औषधी तथा स्वास्थ्य उपकरण खरिद :**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले प्रक्रिया अघि बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरूको प्रावधान अनुसार गर्नुपर्ने छ।

**२५.औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले मिलाउने छ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रूपमा गर्नुपर्ने छ। खरिदको परिमाण निर्धारण सम्बन्धित वडा समितिले माग गरे बमोजिम २० प्रतिशतमा नबढाईकन गर्नुपर्ने छ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको २ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ।

(४) सम्बन्धित सामुदायिक स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण चौमासिक रूपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनुपर्ने छ।

## परिच्छेद-६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा

## अनुगमन सम्बन्धी व्यवस्था

**२६.स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :** गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरूको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरूप कार्य गराउन निर्देशन दिनेछ।

**२७. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन :**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभाकारी रूपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरू सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरू निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने छ।

**२८.सरसफाइ र स्वच्छताका लागि अनुगमन तथा नियमन**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाइ अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ।

(२) प्रदूषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्नसक्ने छ।

(३) सिफारिस बमोजिम कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद-७

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**२९.रोग तथा रोगीहरूको अभिलेख राख्नुपर्ने**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरूवा रोग लागेमा सोको जानकारी २४ घण्टाभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनुपर्ने छ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनुपर्ने छ।

(३) टिपोट गराइएका रोगीहरूको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरूले मासिक रूपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनुपर्ने छ।

**३०.महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने :**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा कार्यपालिकाले सोको प्रभाव क्षेत्र निक्यौंल गरी विद्यालयहरू बन्द गर्न, अस्थायी रूपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्ने छ।

**३१.सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोरमैला व्यवस्थापन**

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाइका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनुपर्ने छ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरू परिचालन गरी सबै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ।

(४) एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नुपर्ने छ।

(५) शहरोन्मुख तथा अर्ध शहरी क्षेत्रमा निस्काशित फोहोरमैला पुन:प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्नसक्ने छ।

## परिच्छेद-८

## विविध

**३३. प्राइभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस :**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरूप निजी स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरूको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्ने छ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनुपर्नेछ ।

**३४.राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनुपर्ने :** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले समन्वय र सहयोग गर्ने छ ।

**३५**.आमा समूह, धामी झाँक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरूको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाइ शाखाले अनुगमन र नियमन गर्नेछ ।

**३६**.गाउँपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य र सरसफाइ सम्बन्धी संस्थाहरूले आफ्नो प्रगति विवरण त्रैमासिक रूपमा गाउँपालिका समक्ष बुझाउनुपर्ने छ ।

**३७**.गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाइ सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरूसँग विभिन्न कार्यहरूका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरूबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरूको सहायता प्राप्त गर्न सक्नेछ ।

**३८.पुनरावेदन :**तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**३९.नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक कार्यबिधी र निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**४०. संक्रमणकालीन व्यवस्था :** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नबने सम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**४१.बाधा अडकाउ फुकाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन गरेको निर्णय र आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्र गाउँसभाबाट अनुमोदन नगरेमा स्वत: निष्कृय हुनेछ ।

**४२.बचाउ :** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले,<br>
कृष्ण पौडेल<br>
प्रमुख प्रशासकिय अधिकृत